निर्णय नं. १

२०८२ साल असार २७ गते सम्पन्न बैठकबाट भएका निर्णयहरुको सम्बन्धमा आजको बैठकमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

क. ४ जना कर्मचारीको तहवृद्धि गर्ने निर्णय कार्यान्वयन भएको ।

ख. वृत्ति मार्गनिर्देशन सेवा इकाई सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ र विद्यालयमावृत्तिमार्गनिर्देशन कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ कार्यान्वयन भएको ।

ग. विद्यालय मर्ज तथा कक्षा समायोजन, दरवन्दि तथा शिक्षक व्यवस्थापन निर्णय कार्यान्वयन भएको

घ. सवारी साधन पार्किङ शुल्क र सडक सरसफाई शुल्क संकलन ठेक्का नलागेको ।

ङ. ढुङ्गा,गिटी,वालुवा संकलन तथा बिक्री ठेक्का बन्दोबस्त भएको ।

च. हटिया पटके हाटवजार शुल्क संकलनका ठेक्का बन्दोबस्त भएको ।

छ. अनलाईन मार्फत कर ब्यबस्था मिलाउने प्रकृयामा रहेको ।

ज. करदाता ब्यक्तिगत/सस्थागत प्रविष्ट गर्ने,बक्यौता इन्ट्री गर्ने र करदाता कोड ब्यबस्था गर्ने कार्य भईरहेको ।

झ. सहकारीको ऋण नतिर्ने ब्यक्तिहरुको नाम नामेशी सहित कालोसूची प्रकाशन गर्न धनकुटा नगरकार्यपालिकाको कार्यालयमा पठाउन सहकारी संस्थाहरुलाई पत्राचार गरिएको ।

ञ. सैद्धान्तिक सहमती प्राप्त कार्यविधि तयारीको क्रममा रहेका ।

निर्णय नं. २

विश्व बैंकको आर्थिक सहयोगमा धनकुटा नगरपालिकामा सञ्चालनमा रहेको लैङ्गिक हिंसा रोगथाम तथा प्रतिकार्यका लागि एकिकृत सेवा पँहुच परियोजना अन्तर्गत केस वर्कर, मनोसामाजिक परामर्शकर्ता र केश मेनेजरको कार्यक्रम कार्यान्वयन इकाइवाट स्वीकृत भएको कार्यशर्त विवरण र सोही बमोजिम प्रकाशन भएको सूचना अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

राजश्व परामर्श समितिको मिति २०८२ भाद्र १३ गते र २०८२ कात्तिक२१ गतेको बैठकवाट भएका निर्णय आजको बैठकमा पेश भइ छलफल हुँदा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

धनकुटा नगरपालिका वडा नम्बर ५ मा रहेको टुडिखेल र प्यारा फिटमा रहेको सौचालयको संरक्षण तथा उपयोग सम्बन्धी व्यवस्थापन गर्न धनकुटा नगरपालिकाले तय गरेका शसर्तका आधारमा धनकुटा खेलकुद विकास समिति धनकुटालाई सम्झौता गराई जिम्मा दिने साथै उक्त टुँडिखेलमा कुनै मेला उत्सव सञ्चालनको अनुमति नदिन जिल्ला प्रशासन कार्यालय धनकुटामा अनुरोध गरिपठाउने निर्णय गरियो ।

निर्णय नं. ५

धनकुटा नगरपालिकाको लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य मञ्च गठन र परिचालन कार्यविधि २०८२ माथी छलफल हुँदा संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय ६

धनकुटा नगरपालिकामा मात्र बसोबास गर्ने आठपहरीया जातीको माहान चाड वाढाङ्गमेटका अवसरमा यहि २०८२ कार्तिक १९ र २० गते नगरपालिका क्षेत्रभित्र नगरस्तरीय कार्यालयहरुमा सार्वजनिक बिदा दिने प्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो

निर्णय नं. ७

साना सिँचाइ कार्यक्रम दोस्रो चरण कार्यान्वयनका लागि धनकुटा नगरपालिका र कार्यक्रम व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता बीच भएको संशोधित समझदारी पत्र सम्बन्धमा वैठकमा पेश भई जानकारी लिने दिने कार्य भयो ।

निर्णय नं. ८

धनकुटा नगर कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुको अनिवार्य अवकास पछिको सेवा सुविधा भुक्तानी प्रकृयालाइ व्यवस्थित एवं प्रभावकारी बनाउन कर्मचारी कल्याण कोष सञ्चालन तथा व्यवस्थापन गर्न र भवन निर्माणलाई व्यवस्थित वनाउन कार्यविधि तयार गरी पेश गर्न सैद्धान्तिक सहमती दिने निर्णय गरियो ।

निर्णय नं. ९

दीगो तथा सम्मानित रोजगारीका लागि सिप परियोजना (इन्स्योर) अन्तर्गत चालु आ.ब. २०८२/०८३ का लागि विनियोजन गरिएको बजेट तथा कार्यक्रमबाट ४० जना युवाहरुलाई लामो अवधि (लेभल-२) को तालिम सञ्चालनका लागि तपसिल अनुसारका बिषयहरु छनौट गर्ने ।

तालिमका बिषय र संख्या

क. प्रोफेशनल कुक- २० जना

ख. प्रोफेशनल एल्मुनियम फ्रेविकेटर- २० जना

निर्णय नं. १०

मूख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको मिति २०८२/०७/१७ को सूचना अनुसार प्रदेश तथा स्थानीय शासन सवलीकरण कार्यक्रम तर्फ नवप्रर्वतन साझेदारी परियोजना सञ्चालन कार्यविधि-२०८२ अनुसार दुई आ.ब. मा सम्पन्न हुने गरी रु. दुई करोड लागतको "डिजिटल स्थानीय आर्थिक सर्वेक्षण तथा एक वडा एक उत्पादन प्रर्वदन परियोजना" सञ्चालन गर्न अवधारणा पत्र पेश गर्ने निर्णय गरियो । उक्त परियोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट रु. ५० लाख लागत साझेदारी गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

धनकुटा नगरपालिकाबाट साबिकको गाबिस अनुसारको कित्ता विवरणबाट यस अघि अनूसूची-३ मा गरिएको भू-उपयोग वर्गीकरणमा छुट भई वर्गीकरण कायम गरिदिन प्राप्त निवेदनका सम्बन्धमा मिति २०८२/७/२८ गतेको स्थानीय भू-उपयोग परिषद्को बैठकबाट भएको सिफारिस तथा भू-उपयोग (पहिलो संशोधन), नियमावली, २०८० को दफा ४ को उपदफा ४ अनुसार देहाय बमोजिम कायम गर्ने निर्णय गरियो।

| क्र.स. | जग्गाधनीको नाम | ठेगाना | साबिक ठेगाना | कि.न. | क्षेत्रफल | हालको अवस्था | कायम गर्नुपर्ने क्षेत्र |
|---|---|---|---|---|---|---|---|
| १ | सरस्वती देवी श्रेष्ठ (निवेदक- घनश्याम श्रेष्ठ, छोरा) | धनकुटा न.पा. ६ | धनकुटा बजार-८ | ३५ | ०-०-१-० | छुट भएको | ब्यावसायिक |
| | | धनकुटा न.पा. ६ | धनकुटा बजार-८ | ३६ | ०-४-०-० | छुट भएको | ब्यावसायिक |
| | | धनकुटा न.पा. ६ | धनकुटा बजार-६ | १६४ | ३-१३-१-० | छुट भएको | ब्यावसायिक |
| २ | रेणुका श्रेष्ठ (निवेदक- सत्यनारायण श्रेष्ठ, दाजु) | धनकुटा न.पा. ६ | धनकुटा बजार-६ | ३७५ | ०-११-१-२ | छुट भएको | ब्यावसायिक |

निर्णय नं. १२

विश्व वैंकको आर्थिक सहयोगमा धनकुटा नगरपालिका १ हिले (षडेषेश्वर मन्दिर)-भिरगाउ- मधुगङ्गा सडक स्तरोन्नति का लागि आशिष-आशिर्वाद- स्वामीनारायण जेभिले १९ नोवेम्वर २०२५ मा कार्य सम्पन्न गर्नेगरी प्रथम पटक म्याद थप भई कार्य भईरहेको अवस्थामा समयावधी सकिन करिव १० दिन मात्र वाकी रहदा ३० प्रतिशत काम वाकीनै रहेको छ ।निर्माण

व्यवसायीले DSC समक्ष ९० दिन म्याद थपका लागि विभिन्न कारण सहित निवेदन दिएको र DSC ले निर्माण व्यवसायीले निवेदनमा उल्लेख गरेका कारण समयमा काम सम्पन्न हुन नसकेका २८ फरवरी २०२६ सम्म सम्झौताको म्याद थप गरी कार्य सम्पन्न गराउन म्याद थपका लागि सिफारीस साथ अनुरेध गरी पठाएको हुनाले धनकुटा नगरपालिका १ हिले (षडेषेश्वर मन्दिर)-भिरगाउ- मधुगङ्गा सडक स्तरोन्नति कार्यका लागि आशिष-आशिर्वाद- स्वामीनारायण जेभिसँग भएको सम्झौताको म्याद २८ फरवरी २०२६(२०८२ फागुन १६) सम्म थप गरी कार्य सम्पन्न गराउने निर्णय गरियो।

निर्णय नं. १३

धनकुटा नगरकार्यपालिकाको कार्यालयमा सहायक स्तर पाचौं (नायब सुब्बा) पदमा कार्यरत श्री तेज बहादुर थापाको मुखको क्यान्सर भइ वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा अप्रेशन गराइ ठिक नभएर हाल भक्तपुर क्यान्सर अस्पताल भक्तपुरमा रेडियसन थेरापी र किमो को उपचार गराइरहुन भएको छ ।उहाँको स्वास्थ्य अवस्थालाइ मध्येनजर गर्दै उपचारमा सहयोगका लागि नगरपालिका समक्ष अनुरोध गर्नु भएको हुनाले सबै वडा कार्यालयहरुले कम्तिमा १० हजार देखि माथि स्रोत हेरेर र धनकुटा नगरपालिकाले रु १,००,०००/- (एक लाख) उपचार सहयोग उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १४

धनकुटा नगरपालिका बाट तयार भएको चालु आ.व. २०८२/०८३ को भवन निर्माण र सडक निर्माण सँग सम्बन्धित माल सामान लगायतका विविध क्षेत्र समेटेर तयार पारिएको धनकुटा नगरपालिकाको नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं. १२

मानव उद्दार सेवा केन्द्रिय कार्यालय चागुनारायण न.पा. ३ भक्तपुरको मिति २०८२/०७/२४ को सिफारिस पाउ भन्ने पत्र प्रास भइ आजको बैठकमा छलफल हुँदा धनकुटा नगरपालिका वडा नं. १ मा खाली रहेको जलकन्या प्रा.वि. धनपा-१ सडक मानवको संरक्षण स्थल निर्माण गर्न मानव उद्दार सेवा केन्द्रिय कार्यालय चागुनारायण न.पा. ३ भक्तपुरउपलब्ध गराउने निर्णय गरियो ।